# श्री कञ्चनपुर जिल्ला अदालतवाट सर्वसाधारणका निमित्त प्रथम पटक सुचना प्रकाशित मितिः-२०८२।०३।१५ गते जारी भएको लिलामी सूचना

यस अदालतमा बिभिन्न मुद्दामा बरामद भई दशी स्वरुप पेश हुन आएका यस अदालतको जिन्सी किताबमा आम्दानी बाधीएका देहायका सवारी साधन समेतका सामानहरु कवाड मुल्यमा लिलाम गर्ने प्रयोजनका लागि जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ (५) वमोजिम ऐ को (९) उपनियम (५) अनुसार तपशिलको मिति र समयमा पहिलो पटक डाँक लिलाम हुने भएकाले डाँक वडावड गरी डाँक लिलाम शाकार गर्न चाहाने सर्वसाधारण सवै नेपाली नागरिकका निमित्त यो सूचना प्रकासित गरिएको व्यहोरा सूचित गरिन्छ ।

शर्तहरु

१. बोलपत्र फाराम कागजात यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयभित्र रु.५००/-(फिर्ता नहुने गरी) यस अदालतको लेखा शाखामा बुझाई तहसिल शाखाबाट खरिद गर्न सकिनेछ।

२. बोलपत्र खरिद गर्न दिईने निवेदनसाथ नेपाली नागरीकताको प्रमाणपत्र कुनै फर्म वा संस्था भए नबिकरण सहितको संस्था वा फर्म दर्ताको प्रमाणपत्र र गत आ.ब. सम्मको कर चुक्ता गरेको प्रमाण लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपी साथै पेश गर्नु पर्नेछ।

३. खरिद भएका बोलपत्रहरु यों सुचना प्रकाशित भएको मितिले ८(आठौं) दिन अर्थात मिति २०८२।०३।२२ गतेको १ बजे सम्ममा यस अदालतको नाममा सम्बोधन गरी बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई नेपाली कागजको खाम सिलबन्दी छाप लगाई तहसिल शाखामा दर्ता गराउनु पर्नेछ बोलपत्रदाताले आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुने रकम को.ले.नि.का कंचनपुरको राष्ट्रीय बाणिज्य बैंक लि.मा रहेको खाता नं. ४१८०१००१०२०३०००० यस अदालतको कार्यालय कोड नं. २०४९७७६०१ मा बुझाई सोको भौचर रसिद सहित बोलपत्र साथ पेश गर्नु पर्नेछ।

४. लिलाम सम्पन्न हुँदा सबैभन्दा बढी अंक कबोल गर्ने ब्यक्ती वा फर्म बाहेक अन्यको धरौटी रकम कानून बमोजिम फिर्ता हुनेछ।

५. दर्ता भएका बोलपत्रहरु मिति २०८२ साल असार २२ गते आईतबार दिनको ४ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरु र मुल्याङ्कन समितिका प्रतिनिधिहरुको रोहवरमा यस अदालतको तहसिल शाखामा खोलिने छ,बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए

२०८२।३।१५

पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन, बोलपत्र दाखिल गर्ने वा अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

६. बोलपत्रमा बोल कबोल अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ अंक वा अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ म्याद नाघी वा रित नपुगी आएका बोलपत्रको कुनै कारवाही गरिने छैन एक ब्यक्ती वा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को ब्यक्ती वा फर्मको नाममा दखिला गर्न पाईनेछैन।

७. बोलपत्र दाताले सिलबन्दी बोलपत्र पेश गरी छनबिन भएपछी अधिकतम् बोल कबोलको आधारमा अधिकतम् कबोल गरी प्रथम हुनेलाई मान्यता दिईनेछ। अधिकतम् अंक कबोल गरी डाँक सकार गरी लिनेले सात दिनभित्र बाँकी ९० प्रतिशत र मुल्य अभिबृद्धीकर १३ प्रतिशत समेत दाखिला गरी ७ दिनभित्र सामनहरु लैजानु पर्नेछ। उक्त समय भित्र अधिकतम् कबोलकर्ताले दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा धरौटी वापत राखेको १० प्रतिशत रकम कानून बमोजिम जफत गरी पुनः डाँक लिलाम सुचना प्रकाशित गरिनेछ।

८. न्युनतम मुल्याङ्कन भन्दा घटी लेखी ल्याएमा सो बोलपत्रलाई मान्यता दिईनेछैन।

९.बोलकबोल गर्नेले सम्पुर्ण सामानहरुको एकमुष्ट लिलाम बोल्नुपर्नेछ।

१०.रित नपुगेको र बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समयपछी पेश गरिने बोलपत्रलाई कुनै मौका दिईने र लिलामी प्रकृयामा सहभागी गराईने छैन।

११.अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ। लिलामी सामानहरुको एकमुष्ट रकम रु.१,६८,७८०/- रहेको छ।

१२.बोलपत्र दाताले लिलाम हुने सामानहरु कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा आई हेर्न सकिनेछ।

१३. यस बमोजिमको सुचना सम्मानित सर्बोच्च अदालत र यस अदालतको Web site मा गई बिस्तृत बिवरण हेर्न सकिनेछ।

१४.बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस अदालतमा सुरक्षीत रहने छ।

१५.थप जानकारीको यस अदालतको तहसिल शाखामा सम्पर्क राखुहोला।

२०८२।३।१५

# लिलाम हुने सामानको बिवरण

| सि.नं. | सम्पत्तीको नाम | परिमाण | सम्पत्ती भएको स्थान | कार्यालयको स्वीकृत प्रति ईकाई न्युनतम मुल्य | | |
|---|---|---|---|---|---|---|
| १ | | साधन नं. | | अंकमा | अक्षरमा | जम्मा |
| क | मो.सा. | से.३.प. ८१८४ | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| ख | मो.सा. | बा ६८ प ३१६९ | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| ग | मो.सा. | से.३.प.२५६२ | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| घ | मो.सा. | UK06AE9785 | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| ङ | मो.सा. | म.१.प. ३५९५ | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| च | मो.सा. | से.१.प.८०८० | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| छ | मो.सा. | म.२.प.७६ | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| ज | मो.सा. | म.२.प.२५९० | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| झ | मो.सा. | म.२.प.६०३० | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| ञ | मो.सा. | म.२.प.२४६८ | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| ट | मो.सा. | से.३.प.७५९२ | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| ठ | मो.सा. | म.१.प.६२४३ | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| ड | मो.सा. | UP31AZ3819 | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ढ | मो.सा. | UP34R3517 | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| ण | मो.सा. | UK03AZ2112 | अदालत परिसर | रु.२५००/- | दुई हजार पाँच सय | रु.२५००/- |
| त | टेक्टर हैरो समेत | से.त.७५५८ | अदालत परिसर | रु.३२,०००/- | बत्तिस हजार रुपैया | रु.३२,०००/- |
| थ | ई रिक्सा | म.१.ह.४४५ | अदालत परिसर | रु.१०,०००/- | दश हजार रुपैया | रु.१०,०००/- |
| द | ट्रली | म.१.त.१०३२ | अदालत परिसर | रु.४००००/- | चालिस हजार | रु.४०,०००/- |
| २ | साईकल | १३ वटा | अदालत परिसर | रु.३००/- प्रतिगोटा | तिन सय रुपैया | रु.३९००/- |
| ३ | ग्यास सिलिन्डर | ४ वटा | अदालत परिसर | रु.४००/- प्रतिगोटा | चार सय रुपैया | रु.१६००/- |
| ४ | फलाम | ९३० KG | अदालत परिसर | रु.३५/- प्रति KG | पैतिस रुपैया | रु.३२,५५०/- |
| ५ | पित्तल | ४ KG | अदालत परिसर | रु.४००/- प्रति KG | चार सय रुपैया | रु.१६००/- |
| ६ | स्टील | ८ KG | अदालत परिसर | रु.४०/- प्रति KG | चालिस रुपैया | रु.३२०/- |
| ७ | तामा | १५KG | अदालत परिसर | रु.६००/- प्रति KG | छ सय रुपैया | रु.९०००/- |
| ८ | सिल्भर | २ KG | अदालत परिसर | रु.१२५/- प्रति KG | एक सय पच्चिस रुपैया | रु.२५०/- |
| ९ | काठ | १० KG | अदालत परिसर | रु.६ प्रति KG | छ रुपैया | रु.६०/- |

जम्मा मुल्य रु.१,६८,७८०/-